# नेपाली जनप्रगतिशील मंच, नर्वे
# बिधान २०१० (बि.सं. २०६७)

## प्रस्तावना

करीब दुईसय पच्चास बर्ष लामो नेपालको मध्ययुगीन सामन्ती राज्यसत्ताले सृजना गरेको राजनैतिक संकट तथा आर्थिक बिपन्नताका कारण उत्पन्न परिस्थिति र देशमा भएको बिगतको राजनैतिक द्वन्दबाट कतिपय नेपालीहरु बिस्थापित हुनुपरेको छ। आफ्नै देशभित्र रोजगारका अवसरहरु प्राप्त नहुँदा आज लाखौ नेपालीहरु खाड़ी मुलुक लगायत विश्वका अन्य देशहरुमा जानुपर्ने बाध्यता छ। यसै सिलशिलामा मानवीय संरक्षण तथा रोजगारका अवसरहरु खोज्दै नेपालीहरु यूरोपको उत्तरी देश नर्वेमा समेत आईपुगेकाछन। यसको अलावा उच्चशिक्षा अध्ययन गर्ने तथा दक्ष जनशक्तिका रुपमा कार्यरत नेपालीहरुको स्थायी अस्थायी रूपले नर्वेमा बसोवास रहीआएको छ ।

राजनैतिक, आर्थिक, शैक्षिक, रोजगारी वा बसाइसराइ जस्ता कारणले आफ्नो देश, समाज तथा घरपरिवारबाट टाढा रहदाको अवस्थामा संगठित हुन चाहने, देशप्रति चिंतित अर्थात नेपालको उन्नति र प्रगतिको सदिक्षा राख्ने, देशभक्ति तथा राष्ट्रीय भावनाले अभिप्रेरित हुने, नेपाल लगायत अन्य देशमा हुने गरेका न्यायपूर्ण आन्दोलनप्रति ऐक्यबद्धता जाहेर गर्ने तथा मानब अधिकार संरक्षणका निम्ति क्रियाशील हुने संपूर्ण देशप्रेमी तथा प्रगतिशील नेपालीहरुलाई संगठित गर्ने उद्देश्यले यस मंचको स्थापना गरिएको छ।

## परिच्छेद १: नाम तथा परिचय

१.१) यस संगठनको नाम 'नेपाली जनप्रगतिशील मंच, नर्वे' तथा छोटकरीमा प्रगतिशील मंच, संगठन वा संस्था र अंग्रेजी भाषामा 'Nepalese People's Progressive Forum, Norway' तथा छोटकरीमा 'NPPF-Norway' भनिने छ ।

१.२) यस संगठनको छाप, चिन्ह तथा लोगो परिच्छेद १५ मा ब्यवस्था गरिएअनुसार हुनेछ।

१.३) यस संगठनको औपचारिक कार्यालय ओस्लोमा रहने छ।

१.४) यस संगठनको सम्मलेन अर्थात अधिबेशन प्रत्येक दुई बर्षमा गरिनेछ भने साधारणसभा प्रत्येक बर्ष हुनेछ ।

१.५) मंचको प्रथम अधिबेशन, २९ अगस्त २०१०, द्वारा सर्वसम्मत स्वीकृत यो विधान अधिबेशनमा प्राप्त भएका सुझावहरू समायोजन गरी लागु गरिएको छ ।

## परिच्छेद २: संगठनको कार्यक्षेत्र तथा उद्देश्यहरु

### २.१) कार्यक्षेत्र

यस बिधानको प्रस्तावना तथा परिच्छेदहरुमा ब्यवस्था गरिएअनुसार सबै कार्यहरु नेपाली जनप्रगतिशील मंच नर्वेको कार्यक्षेत्रभित्र परेको मानिने छ। आवश्यकता अनुसार नर्वेका बिभिन्न सहरहरुमा मंचका क्षेत्रीय तथा स्थानिय शाखाहरु खोली बिस्तार गर्न सकिने छ। साधारणतया मंचको कार्यक्षेत्र नर्वेभरी रहने छ तर आवश्यकता हेरी नेपालमा पनि कार्यक्रम सञ्चालन गर्न सकिनेछ। यो बिधान नर्वेजियन सरकारको अधिकारवाला संस्थामा दर्ता गरिनेछ।

### २.२ उद्देश्यहरु

२.२.१) नर्वेमा स्थायी अस्थायी रूपले बसोवास गर्ने देशप्रेमी तथा प्रगतिशील नेपालीहरुलाई संगठित गर्ने,

२.२.२) नेपालको राष्ट्रियता, नेपाली जनताको सार्वभौमसत्ता तथा राष्ट्रीय अखंडताको रक्षार्थ बिभिन्न कार्यक्रमहरु संचालन गर्ने,

२.२.३) नर्वेमा बसोवास गर्ने नेपालीहरुलाई परेका समस्याहरु समाधान गर्न आवश्यक सहयोग गर्ने,

२.२.४) नेपाल लगायत विश्वका अन्य मुलुकमा हुने न्यायपूर्ण आन्दोलनहरुप्रति ऐकेबद्धता जाहेर गर्ने,

२.२.५) राष्ट्रिय तथा अन्तराष्ट्रीय स्तरबाट नेपालमा मानवअधिकार बहाली गर्न र सबै प्रकारका बिभेद अन्त्य गर्न नर्वेमा भएका सम्बंधित संघसंस्थासित सम्बन्ध स्थापित गरी सहकार्य गर्ने,

२.२.६) नेपालको आर्थिक विकासमा प्रभावकारी भूमिका निर्वाह गर्न नर्वेजियन सरकारी निकाय, गैरसरकारी संघसंस्था तथा कंपनीहरुसित सम्पर्क स्थापित गर्ने,

२.२.७) नेपाल र नर्वेवीच स्थापित सामाजिक एवं सांस्कृतिक सम्बन्धलाई अभिबृद्धि गर्दै नेपालको पर्यटन लगायत अन्य क्षेत्रको विकासमा सहयोग गर्ने,

२.२.८) नर्वेका विभिन्न सहरमा क्रियाशील नेपाली संघसंस्थाहरुसित सम्वन्ध स्थापित गरी आपसी सहयोग तथा मित्रता विस्तार गर्ने,

२.२.९) यूरोपका विभिन्न देशहरुमा स्थापित नेपाली जनप्रगतिशील संगठनहरु, नेपाली ऐकेबद्दता मंचहरु तथा संयुक्त नेपाली मोर्चा यूरोपसित भाईचारा सम्वन्ध कायम गर्ने ।

## परिच्छेद ३: सदस्यता प्राप्ति तथा खारेजी

३.१) निम्न अवस्थामा यस प्रगतिशील मंचको सदस्यता प्राप्त गर्न सकिनेछ:

३.१.१) यस बिधानको प्रस्तावना तथा उद्देश्यहरु अंगीकार गर्ने, १८ बर्ष उमेर पुगेका तथा नर्वेमा बसोवास गर्ने देशप्रेमी तथा प्रगतिशील नेपालीहरु,

३.१.२) संगठनको बिधान अर्थात उल्लेखित उद्देश्यहरुप्रति प्रतिबद्धता जाहेर गर्ने नर्वेजियन तथा अन्य मुलुकका नागरिकहरु,

३.२) निम्न अवस्थामा यस मंचको सदस्यता खारेज गर्न सकिनेछ:

३.२.१) संगठनको विधान विपरीत कार्य गरेको पाइएमा,

३.२.२) संगठनको आर्थिक हरहिसाब हिनामिना गरेको प्रमाणित भएमा,

३.२.३) सदस्यता शुल्क तोकिएको समयावधिभित्र नबुझाएमा,

३.२.४) संगठनको हित विपरीत कार्य गरेको ठहरेमा,

३.२.५) कुनै पनि अपराधिक क्रियाकलपमा संलग्न भएको ठहरिएमा।

## परिच्छेद ४: सदस्यताको किसिम तथा अधिकार

४.१) साधारण सदस्यता

यस विधानमा उल्लेख भए अनुसार योग्यता पुगेको ब्यक्तिले नियमानुसार सदस्यता शुल्क बुझाई संगठनको साधारण सदस्यता प्राप्त गर्न सक्ने छ ।

४.२) पारिवारिक सदस्यता

पारिवारिक सदस्यता भन्नाले श्रीमान, श्रीमती तथा १८ वर्ष उमेर नपुगेका छोराछोरीहरू भन्ने बुझिनेछ, तर छोराछोरीहरूको हकमा मताधिकार नभएको मानिनेछ । परिवारले संगठनको सदस्यता लिन चाहेमा नियमानुसार सदस्यता शुल्क बुझाई परिवारिक सदस्यता प्राप्तगर्न सक्नेछ ।

४.३) आजीवन सदस्यता

संगठनको जिम्मेवार तहमा बसेर लामो समयसम्म यस संस्थाको उद्देश्य प्राप्तिको निम्ति सक्रिय योगदान दिएको तथा संस्थाको उद्देश्यहरुप्रति भविष्यमा पनि प्रतिबद्ध रहने ब्यक्तिले आजीवन सदस्यताको लागि आबेदन दिन सक्नेछ। आजीवन सदस्यता दिने/नदिने वा बदर गर्ने संपूर्ण अधिकार कार्यसमितिमा निहित रहनेछ ।

४.४) संस्थागत सदस्यता

यस मंचको उद्देश्य प्रति सकारात्मक हुने अन्य कुनै संघसंस्थाले यस मंचको संस्थागत सदस्यता लिन सक्नेछ।

४.५) मानार्थ सदस्यता

नेपालको विकासमा उल्लेख्य योगदान दिएका नर्वेजियन तथा अन्य देशका नागरिकलाई मानार्थ सदस्यता दिन सकिने छ। मानार्थ सदस्यता दिने सम्बन्धी निर्णय गर्ने अधिकार कार्यसमितिमा निहित रहनेछ ।

४.६) सदस्यता शुल्क

साधारण सदस्यताको लागि बार्षिक शुल्क १०० क्रोनर, पारिवारिक सदस्यताको लागि बार्षिक शुल्क १५० क्रोनर, संस्थागत सदस्यताको लागि बार्षिक शुल्क ३०० क्रोनर र आजीवन सदस्यताको लागि एकमुष्ट १००० क्रोनर तिर्नुपर्नेछ ।

४.७) सदस्यको अधिकार

नियमानुसार साधारण सदस्यता, पारिवारिक सदस्यता तथा आजीवन सदस्यता प्राप्त ब्यक्तिलाई आफू चुनिने तथा अरुलाई चुन्ने अधिकार सुरक्षित रहनेछ । संस्थागत सदस्यता प्राप्त संघसंस्थाको एकजना प्रतिनिधिले वार्षिक साधारणसभा वा महाधिवेशनमा भाग लिई कार्यसमितिका पदाधिकारीहरु चुन्ने तथा सल्लाह सुझावहरू राख्ने अधिकार प्रयोग गर्न पाउनेछ। मानार्थ सदस्यता प्राप्त ब्यक्तिलाई आफू चुनिने तथा अरुलाई चुन्ने अधिकार नरहने तर वार्षिक साधारणसभा वा महाधिवेशनमा भाग लिने तथा सल्लाह सुझावहरू राख्ने अधिकार पूर्ण रूपले सुरक्षित रहनेछ ।

## परिच्छेद ५: संगठनको बिस्तार

५.१) संगठन बिस्तार तथा सुद्रिढीकरण गर्न सांगठनिक बिभाग, प्रचारप्रसार तथा प्रकाशन बिभाग, आर्थिक बिभाग, सांस्कृतिक विभाग आदि गठन गर्न सकिनेछ । आवश्यकता हेरी नर्वेका बिभिन्न सहरहरुमा क्षेत्रीय तथा स्थानिय शाखाहरु निर्माण गरी संगठन बिस्तार गर्न सकिनेछ ।

५.२) कार्यसमितिले हरेक बिभागका लागि बिभागीय प्रमुख चयन गर्न सक्नेछ।

५.३) हरेक बिभागको कार्यदिशा कार्यसमितिको निर्णयअनुसार बिभागीय प्रमुखले निर्धारण गर्नसक्नेछ।

## परिच्छेद ६: संगठनको कार्यसमिति

६.१) यस प्रगतिशील मंचको कार्यसमितिमा ११ देखि १७ जनासम्म पदाधिकारीहरु रहन सक्नेछन्। जसअनुसार अध्यक्ष १ जना, उपाध्यक्ष २ जना, महासचिव १ जना, सचिव १ जना, कोषाध्यक्ष १ जना र सदस्यहरु ५ देखि ११ जनासम्म रहनेछन ।

६.२) कार्यसमितिभित्रबाट आवश्यकता हेरी ५ देखि ७ जनासम्मको सचिवालय निर्माण गर्न सकिनेछ जसमा अध्यक्ष, उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष र एक जना सदस्य रहन सक्नेछन। सचिवालयले गरेका निर्णयहरु कार्यसमितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

६.३) संगठनको आवश्यकता अनुसार बढीमा कार्यसमितिको एकतिहाइ संख्या रहने गरी सल्लाहकार समिति चयन गर्न सकिने छ ।

६.४) नयाँ कार्यसमितिको चयन साधारणतया प्रत्येक २/२ बर्षमा हुने महाधिवेशनद्वारा गरिनेछ ।

## परिच्छेद ७: कार्यसमिति तथा पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार

यस संगठनको उद्देश्य प्राप्तिको लागि बिधानले दिएको अधिकार क्षेत्रभित्र रहेर कार्यसमितिले बिभिन्न कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ। कार्यसमितिको निर्णायक बैठकका लागि आवश्यक गणपुरक संख्या कार्यसमितिका पदाधिकारीहरुको ५१% अर्थात बहुमत पदाधिकारीहरुको उपस्थिति हुनुपर्नेछ। कार्यसमितिका पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार निम्नानुसार हुनेछ ।

७.१) अध्यक्ष

संगठनको बैठकमा अध्यक्षता गर्ने, संगठनको लागि अग्रता तथा प्रमुख भूमिका निर्वाह गर्ने, संगठनका तल्ला समितिहरू भएको अवस्थामा ती समितिहरुको अनुगमन तथा निरिक्षण गर्ने, संगठनको हित हुनेगरी बिभिन्न संघ संगठनसंग सम्पर्क तथा समन्वय कायम गर्ने, बैठक बोलाउने तथा निर्णायक मत दिने, संगठनलाई अग्रगतिमा लैजाने कार्यक्रमहरु पेश गर्ने र त्यसलाई कार्यान्वयन गर्ने/गराउने ।

७.२) उपाध्यक्ष

अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने संपूर्ण कार्यहरू पूरा गर्ने तथा अन्य समयमा संगठनले दिएको जिम्मेवारी पूरा गर्ने ।

७.३) महासचिव

अध्यक्षको सहमतिमा बैठक बोलाउने र सञ्चालन गर्ने, बैठकमा संगठनको गतिबिधि बारे प्रकाश पर्ने तथा वार्षिक साधारणसभा तथा अधिवेशनमा प्रतिवेदन पेशगर्ने तथा अन्य समयमा संगठनले दिएको जिम्मेवारी पूरा गर्ने ।

७.४) सचिव

महासचिवको अनुपस्थितिमा जिम्मेवारी वहन गर्ने तथा अन्य समयमा संगठनले दिएको जिम्मेवारी पूरा गर्ने ।

७.५) कोषाध्यक्ष

संगठनको आर्थिक आय-व्ययको विवरण दुरुस्त राख्ने, वार्षिक साधारणसभा/अधिवेशनमा आर्थिक प्रतिवेदन पेशगर्ने तथा अन्य समयमा संगठनले दिएको जिम्मेवारी पूरा गर्ने ।

७.८) सदस्य

बैठकमा नियमित रूपले उपस्थित हुने, कार्यसमितिले दिएको जिम्मेवारी पूरा गर्ने तथा संगठनको उद्देश्य अनुसार कार्य संपादन गर्ने ।

## परिच्छेद ८: कार्यसमितिका पदाधिकारीहरुको पद रिक्तता तथा पदपूर्ति

८.१) मृत्यु भएमा, राजीनामा दिएमा, बिधान बिपरीत कार्य गरेमा, बिना सूचना लगातार तीन पटकसम्म बैठकमा अनुपस्थित भएमा तथा तोकिएको समय भित्र सदस्यता शुल्क नबुझाएमा कार्यसमितिका पदाधिकारीको पद रिक्त भएको मानिनेछ।

८.२) उपरोक्त अवस्थामा कार्यसमितिले साधारण सदस्यबाट पद पूर्ति गर्न सक्नेछ ।

## परिच्छेद ९: साधारणसभा तथा अधिबेशनको काम, कर्तब्य र अधिकार

९.१) यस संगठनको सदस्यता प्राप्त गरेका बहुमत सदस्यहरुको उपस्थितिलाई साधारण सभा मानिनेछ । नियमित रूपले साधारणसभा बर्षमा एक पटक हुनेछ ।

९.२) बिशेष परिस्थितिमा जम्मा सदस्य संख्याको एक तिहाई सदस्यहरुले लिखित कारण सहित साधारणसभाको माग गरेमा एक महिनाभित्र कार्यसमितिले साधारणसभाको आयोजना गर्नुपर्नेछ।

९.३) साधारणसभाले कार्यसमितिलाई आवश्यक सल्लाह, सुझाव तथा निर्देशन दिनेछ ।

९.४) साधारण सभाको आवश्यक गणपुरक संख्या ५१% मानिनेछ तर गणपुरक संख्या नपुगेको अवस्थामा दोश्रो पटक उपस्थित संख्यालाई गणपुरक संख्या पुगे सरह मानिनेछ।

९.५) मोर्चाको अधिबेशन वार्षिक साधारणसभाले मिति निर्धारण गरे अनुसार प्रत्येक २ बर्षमा गरिनेछ ।

९.६) साधारणसभा/अधिवेशनमा प्रस्तुत सांगठनिक तथा आर्थिक प्रतिवेदनहरु तथा आगामी वर्षका कार्यक्रमहरु सभाले पारित गर्नेछ।

## परिच्छेद १०: राजीनामा

१०.१) कार्यसमितिका अन्य पदाधिकारीहरूले राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष पेशगर्न सक्नेछन भने अध्यक्षले राजीनामा दिन चाहेमा उपाध्यक्ष मार्फ़त कार्य

समितिमा पेशगर्न सक्नेछन । उपरोक्त राजीनामालाई कार्यसमितिको बैठकले निर्णयगरी स्वीकृत गर्नसक्नेछ।

## परिच्छेद ११ : अबिश्वासको प्रस्ताव

११.१) कार्यसमितिको कुनै पदाधिकारी उपर कार्यसमितिका ३३% सदस्यहरूले अविश्वासको लिखित प्रस्ताव ल्याएमा कार्यसमितिको दुईतिहाई बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

## परिच्छेद १२: निर्वाचन

१२.१) कार्यसमितिको निर्वाचन साधारण, पारिवारिक तथा आजीवन सदस्यहरु मध्येबाट गरिनेछ।

१२.२) कार्यसमितिको चयन सहमतिय अथवा निर्वाचन प्रणालीद्वारा गरिनेछ । निर्वाचन गर्नुपर्ने अवस्थामा गोप्य मतदानद्वारा निर्वाचन सम्पन्न गरिनेछ।

१२.३) कार्यसमितिको निर्वाचन चुनिएको निर्वाचन समितिले सम्पन्न गर्नेछ ।

## परिच्छेद १३: आर्थिक श्रोत

१३.१) संगठनको आर्थिक श्रोतका रुपमा सदस्यता शुल्क, चंदा अभियान, बिशेष सहयोग, प्रकाशन तथा प्रदर्शनी र राष्ट्रिय तथा अन्तर्राष्ट्रीय श्रोतहरु हुनेछन।

१३.२) श्रोत संकलन र ब्यवस्थापनका निम्ति कोषाध्यक्षको संयोजकत्वमा लेखा समिति निर्माण गर्न सकिनेछ ।

१३.३) आर्थिक कारोबारको ब्यवस्थापन गर्न संस्थाको नाममा बैंक खाता खोली कोषाध्यक्ष तथा अध्यक्ष वा महासचिवको संयुक्त रोहवरमा खाता सञ्चालन गरिनेछ।

## परिच्छेद १४: बिधान संसोधन तथा ब्याख्या

१४.१) यस संगठनको बिधानको ब्याख्या गर्ने अधिकार कार्यसमितिमा निहित हुनेछ।

१४.२) बिधान संसोधन गर्नु परेमा कार्यसमितिको दुईतिहाई बहुमतले संसोधन गर्न सक्नेछ तर संसोधित धाराहरु अधिबेशनमा उपस्थित सदस्य संख्याको दुईतिहाई बहुमतद्वारा अनुमोदित हुनुपर्नेछ।

## परिच्छेद १५: चिन्ह र छाप

१५.१) गोलो आकारमा सागरमाथा अंकित बाया नेपाल र दाया नर्वेको राष्ट्रिय झण्डा अंकित चिन्ह संगठनको चिन्ह र छाप हुनेछ । गोलाकारमा Nepalese People’s Progressive Forum, Norway Estd. 2009 रहेको हुनेछ ।